कार्यान्वयनमा ल्याउनु पर्ने ।

- कार्यायोजनाको अवधि समाप्त भएमा सामुदायिक वनमा संरक्षणबाहेकका अन्य सदुपयोगका कार्य गराउन नहुने ।

## १५.स्थानीय तहमा विवरण पठाउने

- सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तहमा अभिलेख राख्ने प्रयोजनका लागि आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपी, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको एक एक प्रति सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहाय बमोजिमका कागजात र विवरण सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्ने ।
  (क) बार्षिक रुपमा सञ्चालन गर्ने क्रियाकलाप सम्बन्धी योजना र लागत विवरण,
  (ख) सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,
  (ग) सामुदायिक वन उपभोक्ता समूहले बिक्री गरेको वन पैदावारको वार्षिक विवरण |
- स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहबाट प्राप्त विवरणका आधारमा आफ्नो कार्यक्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नु पर्ने र त्यस्तो उपभोक्ता समूहलाई प्रचलित कानून बमोजिम आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्ने ।

## १६.वन उद्यम संचालन सम्बन्धी व्यवस्था

- सामुदायिक वन उपभोक्ता समूहले वनक्षेत्र बाहिर प्रचलित कानून बमोजिम वन उद्यम दर्ता गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन पैदावारमा आधारित वन उद्यम संचालन गर्न सक्ने ।
- वन उद्यम संचालन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट उपलब्ध हुनसक्ने वन पैदावारको सम्भाव्य परिमाण र वन उद्यम सम्बन्धी क्रियाकलापसहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्ने।
- दुई वा दुईभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रुपमा वन उद्यम संचालन गर्न चाहेमा सम्बन्धित सामुदायिक वन र निजी वनबाट वन उद्यमका लागि उपलब्ध हुन सक्ने वन पैदावारको संयुक्त विवरण, वन उद्यम सम्बन्धी क्रियाकलाप, सामुदायिक वन उपभोक्ता समूह बीच लागत र लाभको बाँडफाँटको खाका सहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमको माध्यमबाट गरिबी निवारण गर्नका लागि सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिमको मुख्य प्रजातिको छत्र घनत्व (क्राउन कभर) नघट्ने, पुनरोत्पादनमा ह्रास नआउने र संवेदनशील वनक्षेत्र तथा जैविक विविधताको संरक्षण हुने गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती गर्न सक्ने ।
- सामुदायिक वनमा कृषि वन प्रणाली अवलम्बन गर्दा कृषिजन्य र वनजन्य रुख प्रजातिका फलफूल उत्पादन हुने रुखबिरुवा लगाउनु पर्ने । यसरी रोपिएको वनजन्य रूख प्रजातिले न्यूनतम पचास प्रतिशत छत्र घनत्व ढाक्नु पर्ने । तर सामुदायिक वनमा चिया र कफि लगाउन नपाईने ।

- सामुदायिक वन उपभोक्ता समूहले वन्यजन्तु सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक वनमा वन्यजन्तु पालन गर्न सक्ने ।

## १७.पर्यापर्यटन कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

- सामुदायिक वन उपभोक्ता समूहले नेपाल सरकारले बनाएको मापदण्डको आधारमा स्वीकृत कार्ययोजनामा समावेश गरी सामुदायिक वनमा अनुसूची- ३० बमोजिमका पर्यापर्यटन कार्यक्रम संचालन गर्न सक्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन कार्यक्रम संचालन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकायको स्वीकृति लिनु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह वा सहकारी संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम संचालन गर्न चाहेमा सामुदायिक वनको स्वीकृत कार्ययोजनाको अधीनमा हुने गरी छुट्टै पर्यापर्यटन व्यवस्थापन योजना तयार गरी प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकाय र सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृति लिई पर्यापर्यटन कार्यक्रम संचालन गर्न सक्ने ।
- सामुदायिक वनमा वन्यजन्तु पालन बाहेकका पर्यापर्यटन कार्यक्रम संचालन गर्दा सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता हुने गरी कुल वनक्षेत्रको बढीमा पाँच प्रतिशत वा पाँच हेक्टर मध्ये जुन घटी हुन्छ सोही परिमाणमा नबढ्ने गरी पर्यापर्यटन कार्यक्रम संचालनका लागि वनक्षेत्र प्रयोग गर्न सकिने । तर पर्यापर्यटन कार्यक्रम संचालनका लागि कुनै भौतिक संरचना निर्माण गर्नु परेमा वनक्षेत्रको आधा हेक्टर भन्दा बढी क्षेत्रफलमा भौतिक संरचना बनाउन नपाइने ।
- संरक्षित वन्यजन्तुको प्रजनन स्थल, मुख्य वासस्थान, जैविकमार्ग, भू-क्षयको दृष्टिकोणले जोखिमक्षेत्र तथा स्वीकृत कार्ययोजनाले संवेदनशील भनी किटान गरेको वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम संचालन गर्न नपाइने ।
- सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम संचालन गर्दा वन ऐन र वन नियमावलीले निषेध गरेका कार्यका साथै निषेधित गरिएका कार्य गर्न नपाइने ।
- सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम संचालनका लागि सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम स्थानीय तह, विभिन्न निकाय वा सङ्घ संस्थाबाट आवश्यक सहयोग लिन सक्ने ।

## १८. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा निषेधित कार्य

- राष्ट्रिय वनमा गर्न नहुने भनी वन ऐन र वन नियमावलीले निषेधित गरेका कार्यहरु गर्न ।
- पर्यापर्यटनका लागि स्वीकृत वन कार्ययोजनामा गर्न सकिने भनी उल्लेख भएका कार्य बाहेकका कार्य गर्न ।
- नयाँ मोटर बाटो लगायतका पूर्वाधार निर्माण गर्न, पानीको स्रोत तथा खोलानाला थुन्न, बहाव परिवर्तन गर्न वा स्थानीयबासीले उपयोग गरी राखेको स्रोतमा कुनै पनि तरिकाबाट अवरोध पुयाउन ।
- वन्यजन्तुलाई पक्रन घाइते बनाउन वा मार्न वा दुःख दिन. वासस्थानमा असर पुऱ्याउन, होहल्ला गरी असर पर्ने कुनै क्रियाकलाप गर्न वा गराउन ।
- कार्ययोजनामा स्वीकृत भएको अवस्थामा बाहेक वनका वन पैदावार काट्न, उखेल्न, क्षति पुयाउन मास्न

र ओसारपसार गर्न ।

- भूआकृति भूदृष्य र विशेष भौगालिक अवस्थालाई बिगार्न कुनै तरिकाबाट तोडमोड गर्न ।
- वातावरण प्रदूषित गर्ने क्रियाकलाप जस्तै माटो, पानी र ध्वनी तथा वायु प्रदूषण हुने क्रियाकलाप गर्न वा गराउन ।
- स्थानीय समुदायको संस्कृति र परम्परालाई नकारात्मक असर पु-याउने क्रियाकलाप गर्न वा गराउन ।

## १९. वन पैदावारको सङ्कलन सम्बन्धी व्यवस्था

- सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित सामुदायिक वनको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्दछ । समूहले स्वीकृत कार्ययोजनामा उल्लेख भएका वन संरक्षण, व्यवस्थापन तथा विकासका वार्षिक कार्य त्यस्तो कार्ययोजनामा तोकिएको समयमै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्नु पर्ने ।
- स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी गर्नु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्नु अघि सब डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गरी डिभिजन वन कार्यालयको सहमति लिनु पर्ने । तर सामुदायिक वन उपभोक्ता समूहभित्र आन्तरिक वितरणका लागि मात्र सङ्कलन गर्ने भएमा सब डिभिजन वन कार्यालयको सहयोग र सहमति लिई सङ्कलन गर्न सकिने र सोको जानकारी सब डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयलाई दिनु पर्ने ।
- बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था आई परेमा त्यस्तो वन पैदावारलाई वन क्षेत्रबाट हटाउन वा सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी कटान गर्न सकिने।
- विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा सामुदायिक वन उपभोक्ता समूहले यथाशक्य छिटो क्षतिको प्रारम्भिक विवरण सहित डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ। यस्तो जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले तत्काल प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहको अनुरोधमा डिभिजनल वन अधिकृतले क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालय मार्फत प्रदेश मन्त्रालयको स्वीकृति लिई त्यस्तो वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई अनुमति दिन सक्ने ।
- बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनामा काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटानको परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्ने ।
- प्राकृतिक रुपमा आफैं ढलेका रुखको लगत मूल्याङ्कन वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी भएमा आगामी वर्षको वार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिने ।

- सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा सङ्कलन गर्दा आफ्नै स्रोत वा बैङ्क तथा वित्तीय संस्थाको सहयोग तथा लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्नु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न नसकेमा त्यस्तो उपभोक्ता समूहले सिलबन्दी बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा वन पैदावार सङ्कलन गर्न कबोल गर्ने फर्म वा कम्पनीलाई सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्ने ।
- तर वन पैदावार सङ्कलन कार्यमा संलग्न भएको फर्म, उद्योग वा कम्पनीले त्यस्तो वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन नपाउने ।
- सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन गर्दा स्वीकृत जिल्ला दर रेटमा नबढ्ने गरी खर्च गर्नु पर्ने ।
- सङ्कलन गरेको काठ, दाउरा सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा व्यवस्था भए बमोजिमको सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्ने ।
- काठ, दाउरा बाहेकको जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि सामुदायिक वन उपभोक्ता समूहले सङ्कलन अनुमतिपत्र दिई सङ्कलन गर्नु पर्ने ।

## २०. वन पैदावार बिक्री वितरण सम्बन्धी व्यवस्था

- सामुदायिक वन उपभोक्ता समूहले सङ्कलन गरी घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा नापजाँच गरी आन्तरिक खपत प्रयोजनका लागि आफ्नो समूहको सदस्यलाई बिक्री वितरण गर्दा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई र एक प्रति सम्बन्धित सब डिभिजन वन कार्यालयलाई दिई बाँकी एक प्रति समूहको कार्यालयमा राख्नु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा समूहभित्र बिक्री वितरण गरी बाँकी रहेको काठ, दाउरा मध्ये जिल्ला वन पैदावार आपूर्ति समितिको लागि छुट्याई बाँकी रहेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको साधारण सभाले निर्णय गरी डिभिजनल वन अधिकृतको सहमतिमा समूह बाहिर लिलाम बिक्री गर्न सक्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा, जडीबुटी तथा अन्य वन पैदावार आफ्नो समूह बाहिर बिक्री वितरण गर्दा तीन प्रति रसिद काट्नु पर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले आफ्नो उपभोक्ता समूह वा समूहका सदस्यले एकल वा सामूहिक रुपमा आफैंले स्थापना र संचालन गरेको वन सम्बन्धी लघु उद्यमका लागि वन नियमावली २०७९ को अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ बमोजिमको मूल्य र सङ्कलन खर्चमा नघट्ने गरी सामुदायिक वनको वन पैदावार उपलब्ध गराउन सक्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख गरी गरिबीको रेखामुनि रहेका वा प्राकृतिक विपद्मा परेका उपभोक्तालाई सहुलियत दरमा वा निःशुल्क काठ, दाउरा उपलब्ध गराउन र अन्य सहुलियत प्रदान गर्न सक्ने ।
- सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित रुपमा राख्नु पर्ने ।

- सामुदायिक वन उपभोक्ता समूहभन्दा बाहिर व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि बिक्री गरेको सामुदायिक वनको काठ, दाउरा ओसारपसार गर्दा सकारकर्ता वा खरिदकर्ताले डिभिजन वन कार्यालयको सहमति लिई डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समूहको संयुक्त टाँचा लगाई त्यस्तो उपभोक्ता समूहबाट ओसारपसार अनुमतिपत्र लिई ओसारपसार गर्नु पर्ने।
- सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा बाहेकका वन पैदावार सामुदायिक वन उपभोक्ता समूह भन्दा बाहिर बिक्री गरी ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई त्यस्तो उपभोक्ता समूहको अध्यक्षले ओसारपसार अनुमतिपत्र दिनु पर्ने।
- सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण आफ्नो कार्यालयमा व्यवस्थित रुपमा राखी त्रैमासिक रुपमा सबडिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेश गर्नु पर्ने।

## २१. वन पैदावार संकलन सहमति माग गर्दा पेश गर्नुपर्ने कागजातहरु

- गत आर्थिक बर्षको बार्षिक प्रगति प्रतिबेदन।
- गत आर्थिक बर्षको लेखापरीक्षण प्रतिबेदन।
- उपभोक्ताको माग परिमाण सहित खुल्ने गरी वन नियमावली २०७९ मा भएको व्यवस्था पालना तथा सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका २०७१ को अनुसूची १ र अनुसूची ६ फराम भर्ने।
- समूहको साधारण सभा वा भेलाको निर्णयको प्रतिलपी।
- सबडिभिजन बन कार्यालयको सिफारिस पत्र।
- समुहको पत्र।

## २२. लिलाम सहमति माग गर्दा पेश गर्नुपर्ने कागजातहरु

१) डिभिजन बन कार्यालयबाट प्राप्त संकलन सहमतिको प्रतिलिपी

२) सब डिभिजन बन कार्यालय बाट प्रमाणित लगत

क) समुह भित्र खपत भएको : काठ.. .. .. घनफिट, दाउरा .. .. ..चट्टा

ख) छिमेकी समुहमा खपत भएको : काठ.. .. .. घनफिट, दाउरा .. .. ..चट्टा

ग) जिल्ला बन आपूर्ति समितिमा गएको : काठ.. .. .. घनफिट, दाउरा .. .. ..चट्टा

३) गत आर्थिक बर्षको बार्षिक प्रगती प्रतिबेदन

४) आर्थिक बर्षको लेखा परीक्षण प्रतिबेदन

५) कार्य समितिको बैठकको निणर्यको प्रतिलिपी

## २३. मार्गदर्शन र निर्देशिकामा भएको व्यवस्था

सामुदायिक वन उपभोक्ता समुहले वन ऐन २०७६ र वन नियमावली २०७९ मा समावेश भएका प्रावधान सोही बमोजिम पालना गर्नु पर्छ। सामुदायिक वन कार्यक्रम स्थलगत रुपमा कार्यान्वयन गर्नु र देशका सबै समुहहरुमा बुझाई र गराईमा एक रुपता कायम रहोस् भनी **सामुदायिक वन विकास मार्गदर्शन २०७१** र **सामुदायिक वन**

**निर्देशिका २०५२** (संसोधन समेत) जारी गरिएका छन्। मार्ग दर्शन र निर्देशिकामा समावेश गरिएका तर नयाँ वन ऐन र नियमावलीमा नरहेका देहायका प्रवधानहरु समुहको विधान र कार्ययोजनामा समावेश गरी कार्य संचालन गर्नु पर्दछ।

- समुहको विधानमा घरमुलीको नाम लेख्दा महिला पुरुष दुवैको लेख्ने।
- समुहको साधारण सभामा हरेक घरधुरीबाट वयस्क एक जना महिला र एक जना पुरुष प्रतिनिधीले भाग लिने।
- समुहले वार्षिक योजना तयार गरेर साधारण सभाबाट पारित गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने।
- उपभोक्ता समुहको आवश्यकता पुरा गरी बढी भएको काठ दाउरा बिक्री वितरण गर्दा पहिले नजिकका उपभोक्ता र त्यसपछि सोही जिल्ला भित्रका टाढाका उपभोक्तालाई प्राथमिकता दिने।
- समुहले कम्तिमा वर्षको एक पटक समुहको आम्दानी खर्च निर्णय आदिको सार्वजनिक लेखापरीक्षण गराउने।
- समुहले आफ्नो सामुदायिक वनका वन पैदावरहरु आफैले संकलन गरी बिक्रि वितरण गर्नु पर्दछ।
- वन्यजन्तु, डढेलो वा अन्य प्राकृतिक प्रकोप लगायतबाट हुने क्षति वापत समुहले क्षति र आफ्नो कोषको अवस्था हेरी उपभोक्तालाई तत्काल राहत स्वरुप रकम उपलब्ध गराउन सक्ने। तर वन विकास कार्यमा छुट्याईएको पच्चिस प्रतिशत रकमबाट यस कार्यमा खर्च गर्न नपाईने।
- समुहमा सुशासन सुदृढ गर्नका लागि आवश्यक सूचकहरुको निर्धारण गर्ने।
- साधारण सभाबाट विधान परिर्माजन गरेमा सो मितिले १५ दिन भित्र डिभिजन वन कार्यालयमा जानकारीका लागि पेश गर्ने।
- समुहले आफ्नै लगानी र सरोकारवालाको समन्वय समुहलाई आवश्यक पर्ने दक्ष जनशक्ति तथा श्रोत व्यक्ति (सहजकर्ता) तयार गरी परिचालन गर्न सक्ने।
- सबडिभिजन र वन कार्यालयले कम्तिमा वर्षको एक पटक सामुदायिक वन उपभोक्ता समुहको नियमित अनुगमन गरी राय सुझाव लिनेदिने गर्ने।
- समुहको साधारण सभा तथा समितिका हरेक बैठक पछि समुहको आम्दानी खर्चको विवरण सहित मूख्य निर्णयहरु सबैलाई जानकारी गराउने उद्धेश्यले सार्वजनिक गर्ने व्यवस्था मिलाउने।
- वार्षिक आम्दानी पचास हजारसम्म हुने समुहका लागि समुहले तोकेको व्यक्ति वा समितिबाट लेखापरीक्षण गर्न सकिनेछ भने सो भन्दा बढी आम्दानी हुने समुहको हकमा मान्यता प्राप्त लेखापरिक्षणबाट लेखापरीक्षण गराउने।
- समुहको कार्यक्रम, आम्दानी रकम, वन पैदावरको बिक्री वितरण, समुहमा भएको निणर्यहरु र कार्यान्वयनको अवस्था आदिको बारेमा वर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण गराउने।
- समुहमा सम्पन्नता स्तरीकरण गरी छनौट गरिएका विपन्न वर्गले प्राप्त गरेको उपलब्धी र लगानीको कम्तिमा अर्धवार्षिक रुपमा समिक्षा तथा विश्लेषण गर्ने।
- समुहले आफुलाई पायक पर्ने वन कार्यालयमा समय-समयमा सम्पर्क राखी प्राविधिक तथा अन्य आवश्यक सहयोग लिन सक्ने।

## २४.काठ दाउरा संकलन तथा बिक्री वितरण निर्देशिकामा भएको व्यवस्था

सामुदायिक वन उपभोक्ता समुहले सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्री वितरण गर्दा वन ऐन २०७६ र वन नियमावली २०७९ मा समावेश भएका प्रावधान सोही बमोजिम पालना गर्नु पर्छ । ऐन नियममा नभएका प्रावधानहरु **सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका २०७१** मा समावेश गरी कार्यान्वयनमा सरलिकृत गरिएका देहायका प्रावधानहरु पालना गरी वन पैदावार संकलन तथा बिक्री वितरण गर्नु पर्दछ ।

- वन व्यवस्थापन सम्बन्धी सम्पुर्ण कार्यहरुको कार्यसम्पन्न प्रतिवेदन समूहको वार्षिक प्रतिवेदन साथ डिभिजन वन कार्यालयमा पेश गर्ने ।
- वार्षिक रुपमा वन व्यवस्थापन सम्बन्धी कार्यहरु सम्पन्न गर्ने समूहले आफ्नो विधान र कार्ययोजनाले तोकेको परिमाण, विवरण तथा क्षेत्रबाट सामुदायिक वनको वनपैदावार संकलन तथा बिक्री वितरण कार्य गर्न सक्ने।
- वार्षिक साधारण सभा गर्नुपूर्व नै उपभोक्ता समितिले समूहका उपभोक्ताहरुको काठ, दाउरा र अन्य वन पैदावारको माग संकलन गर्नु पर्ने ।
- वन पैदावार माग गर्ने प्रत्येक उपभोक्ताले आफ्नो नाम, ठेगाना र माग गरिएको वन पैदावारको किसिम (काठ, दाउरा, बल्लाबल्ली, जडिबुटी लगायत अन्य गैरकाष्ठ समेत) जात, परिमाण र त्यस्तो वन पैदावार माग गर्नुको कारण समेत खुलाउनु पर्ने र सो विवरण समूहले स्पष्टसंग राख्नुपर्ने ।
- स्वीकृत वन कार्ययोजनामा उल्लेखित खण्ड र उपखण्डबाट तोकिएको प्रजाति र परिमाणको अधिनमा रही संकलन गर्ने । प्लट निर्धारण गर्दा पानी मुहान, खोला र नदी किनारको क्षेत्र, भू-क्षय तथा पहिरो वरिपरिको भू-भाग, चुरे क्षेत्रमा अति सम्बेदनशील भू-भाग, अति भिरालो क्षेत्र, जैविक विविधता र सांस्कृतिक दृष्टिकोणले संरक्षण गरिनुपर्ने रुख सहितको क्षेत्र र अध्ययन-अनुसन्धान गर्ने क्षेत्र बाहेकमा मात्र गर्ने ।
- काठ र दाउराको संकलनको लागि कटान गर्न रुख छनौट गर्दा ढलापडा, सुखड खडा, मर्न लागेका, रोग लागेका, बाङ्गोटिङ्गो, अति बुढोरुखहरुलाई क्रमिक रुपमा प्राथमिकता दिने ।
- रुख छपान गर्दा वन कार्यालयका प्राविधिक वा समूहले नियुक्ति गरेको वन प्राविधिक (कम्तिमा रेञ्जर वा सो सरह) को सहयोगमा निर्देशिका बमोजिम गरी डिभिजन वन कार्यालयमा पेश गर्ने गर्ने । डिभिजन वन कार्यालयका डिभजनल वन अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले पन्ध्र प्रतिशत छपान चेकजाँच गर्ने ।
- आन्तरिक खपतको लागि काठ, दाउरा र वल्लावल्लीको कटान र सङ्कलनको लागि समूहले सवडिभिजन वन कार्यालयको सहमति लिने ।
- कार्ययोजना अनुसार निर्धारित प्लटमा कटान प्रयोजनका लागि छपान भएका र सो मध्ये सहमति प्राप्त गरिएका रुखहरु मात्र कटान गर्ने ।
- सामुदायिक वनमा रुख कटान, मुछान तथा संकलन गर्दा उपभोक्ता समूहले आफ्नै खर्च र जिम्मेवारीमा आर्थिक र मानवीय स्रोत परिचालन गरी गर्ने । यसका लागि कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगबाट अग्रिम लगानीका रुपमा रकम लिन नपाइने। तर, यस प्रयोजनको लागि उपभोक्ता समूहले वित्तीय संस्थाबाट आर्थिक स्रोत जुटाउन सक्ने ।
- रुख कटान, मुछान र ढुवानी कार्यको लागि उपभोक्ता समूहले आफ्नै समूहका स्थानीय उपभोक्तालाई

जिल्ला दररेट अनुसार पारिश्रमिक दिई परिचालन गर्न प्राथमिकता दिनुपर्ने ।

- उपभोक्ता समूहले काठ दाउरा कटान, मुछान, सङ्कलन तथा ढुवानीका लागि आफ्नै श्रोत साधन परिचालन गर्न नसक्ने अवस्था भई यस्तो कार्य आफै नगरी ठेक्कापट्टाबाट गराउने भएमा जिल्लाबाट स्वीकृत दररेट दररेटको अधिनमा रही काठ दाउराको कारोवार गर्ने व्यक्ति वा सङ्घ, संस्था वा फर्म वीच घटाघट गराई तय गर्नु पर्ने ।
- छपान गरेको रुख कटान गर्दा बोट विरुवा, जैविक विविधता र वातावरणलाई कम नोक्सान हुने गरी कटान गर्नु पर्ने र रुख कटान गर्दा तल्लो छपान ब्लेज प्रष्ट रुपमा देखिने गरी छोड्नु पर्ने।
- काठ ढुवानी गर्दा प्रत्येक गोलियाको दुबैतर्फ समूहको टाँचा लगाउने र गोलिया काठमा समूहको टाँचा नलगाई ढुवानी नगर्ने ।
- समूहमा आन्तरिक खपतका लागि काठ दाउरा बिक्री वितरण गर्दा घरकाज, प्राकृतिक विपत्ति, दाह संस्कार, धार्मिक कार्य र साना किसिमका विकास निर्माण जस्ता काम वा प्रयोगलाई आन्तरिक खपत प्रयोजन अन्तर्गत मानी बिक्री वितरण गर्न सक्ने ।
- समूहभित्र आन्तरिक खपतका लागि काठ दाउरा बिक्री वितरण गर्दा समूहका गरिब तथा विपन्न परिवारलाई प्राथमिकता दिने ।
- उपभोक्ता समूहको आवश्यकता पुरा गरी बढी भएको काठ दाउरा बिक्री वितरण गर्दा पहिले नजिकका छिमेकी उपभोक्ता समूह र त्यसपछि सोही डिभिजनका टाढाका उपभोक्ता समूहलाई प्राथमिकता दिने ।
- उपभोक्ता समूहका जुनसुकै घरधुरी सदस्यले घरकाजको खपतको लागि उपभोक्ता समूहबाट प्राप्त गरेको काठ दाउरा व्यापारिक प्रयोजनका लागि बिक्री गर्न नपाउने ।
- उपभोक्ता समूहले आफ्नो समूहको क्षेत्र बाहिर काठ उत्पादन नहुने छिमेकी उपभोक्ता समूहमा, सामुदायिक वन भएका वा नभएका आफ्नै गाउँपालिका र नगरपालिकामा रहेका उपभोक्तालाई काठ दाउराको उपलब्धता र मागको अवस्थालाई मध्यनजर गर्दै काठ दाउरा उपलब्ध गराउन सक्ने ।
- व्यापारिक प्रयोजनका लागि काठ दाउरा बिक्री गर्नुपूर्व समूहले डिभिजन वन कार्यालयसंग सहमति लिने ।
- समूहले व्यापारिक प्रयोजनका लागि काठ दाउरा बिक्री गर्दा निर्देशिका बमोजिम लट कायम गरी बोलपत्र आह्वान गरी लिलाम बिक्री गर्ने ।
- समुहले काठ दाउरा लिलाम बिक्री गर्दा डिभिजन वन कार्यालयमा सूचिकृत गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपम प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगलाई खुला प्रतिस्पर्धाको आधारमा राष्ट्रिय पत्रिकामा सूचना निकाली गर्नु पर्दछ ।
- समूहले आफूले कार्ययोजना अनुसार निकालिएको काठ दाउरा र बल्लाबल्लीको कटान, मुछान, ढुवानी, घाटगद्दी तथा बिक्रीको मासिक प्रगति सव डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पठाउने ।

## २५ उपभोक्ता समुहको आर्थिक कार्यविधी निर्देशिकामा भएको व्यवस्था

सामुदायिक वन उपभोक्ता समुहले सामुदायिक वनको आम्दानी र खर्चको अभिलेख राख्दा वन ऐन २०७६, वन नियमावली २०७९ र प्रचलित कानुन बमोजिम दोहोरो स्रेस्ता प्रणाली अनुसार स्रेस्ता राख्नु पर्दछ । समुहको काम कार्वाही सहजरुपमा अगाडी बढाउन सबै समुहमा एकरुपता कायम गर्न **सामुदायिक वन उपभोक्ता समुहको**

**आर्थिक कार्यविधी निर्देशिका २०७३** जारी भएको छ। अन्य कुराको साथै निर्देशिकामा भएको देहायको प्रावधान बमोजिम समुहको आर्थिक अभिलेख राख्नु पर्छ।

- समुहले बैंक कारोबारका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनै एक बैंकमा उपभोक्ता समुहको नाममा बैंक खाता खोल्नु पर्छ।
- समुहले दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित नगदी कारोबार गर्नुपर्दछ। उपभोक्ता समुहले अनिर्वाय रुपमा स्थायी लेखा नम्बर लिएको हुनुपर्दछ।
- कार्ययोजना अनुसार सञ्चालन गरिने क्रियाकलापका लागि वन प्राविधिकको सहयोगमा आवश्यक बजेट तर्जुमा गरी सब डिभिजनको वन प्राविधिकको उपस्थितीमा साधारण सभाबाट पारित गराउनु पर्दछ। साधारण सभाबाट पारित नभएसम्म उपभोक्ता समितिले कार्यान्वयन गर्नु हुदैन।
- साधारण सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा जानकारीका लागि पठाउनु पर्दछ।
- साधारण सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको जानकारीका सम्वन्धित स्थानीय तहमा पठाउनु पर्दछ।
- बढीमा दश हजार रुपैयासम्म सोझै नगद कारोवार गर्न सकिनेछ। समुहले प्राप्त गर्ने रकम नगद, बैक ड्राफट, इलेक्ट्रोनिक ट्रान्सफर वा चेक समुहकै नाममा हुनु पर्नेछ। अध्यक्ष वा अन्य पदाधिकारीको नाममा खिचिएको चेक लिनुहुदैन। वन पैदावर खरिद गर्ने व्यक्ति वा संस्थाबाट लिनुपर्ने रकम चेक मार्फत लिनुहुदैन।
- नगद कारोवारलाई व्यवस्थित गर्न नगदी खाता रजिष्टर बनाउनु पर्दछ। उपभोक्ताबाट प्राप्त हुने नगद सात दिनभित्रमा सम्बन्धित समुहको बैक खातामा दाखिला गरी समुहमा सोको आम्दानी बाध्नु पर्दछ।
- उपभोक्ता समुहले काठ लगायतका वन पैदावर वा अन्य जिन्सी सामान लिलाम बिक्री गर्दा प्राप्त हुने धरौटी रकम बेग्लै भौचर उठाई धरौटी खातामा आम्दानी बाध्नु पर्दछ।
- तोकिएको काम पूर्णतया सम्पन्न भए पश्चात धरौटी फिर्ता गर्नुपर्दछ। तर काम सम्पन्न नगरेमा ९० दिनभित्र धरौटी जफत गरी सदरस्याहा गरी समुहको खातामा आम्दानी जनाई सम्बन्धितलाई जानकारी गराउनु पर्दछ।
- वन संरक्षण, वन विकासका कार्यहरु (सम्बर्धन, सदुपयोग) आयमुलक कार्यक्रम सञ्चालन गर्दा वन तथा वातावरण मन्त्रालयको स्वीकृत नर्मस अनुसार कम्तिमा वन विज्ञानमा प्रविणता प्रमाणपत्र हासिल गरेका वन प्राविधिकबाट र अन्य कार्यक्रमहरु सञ्चालन गर्दा सम्बन्धीत प्राविधिकबाट लगत इस्टीमेट बनाई उपभोक्ता समितीको निर्णय गराई अध्यक्षले स्वीकृती गरेको हुनुपर्दछ। वन व्यवस्थापनका कार्यहरु ठेक्का मार्फत वा उपभोक्ता समितिका पदाधिकारी बाहेक अन्य अनुभवी व्यक्तिबाट अमानतमा गर्न सकिन्छ।
- विपन्न वर्ग लक्षित जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्न ऋण, अनुदान वा सहयोग प्रदान गर्नु अघि सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१ को अनुसुची १३ बमोजिमको ढाचाँमा सम्झौता गर्नुपर्दछ।
- समुहको जुनसुकै शिर्षकमा खर्च भएपनि त्यसको भौचर उठाई छुट्टाछुट्टै पानामा खर्चको अभिलेख राख्नु पर्दछ।
- वन व्यवस्थापन, अन्य विकास कार्य, परामर्श सेवा जस्ता कार्य गर्नका लागि समुहका उपभोक्ता, ठेक्कामा

लिने व्यक्ति, फर्म आदिलाई पेश्की रकम दिन सकिन्छ । समितिका पदाधिकारीलाई प्रशासनिक कार्य बाहेक अन्य कामको लागि पेश्की दिनुहुदैन ।

- पेश्की खाता खडा गरी पेश्की लिने प्रत्येक व्यक्तिको छुट्टाछुट्टै पानामा काम र पेश्की रकमको लगत राख्नुपर्दछ । पुरानो कार्यको पेश्की फछ्यौट नभएसम्म वा काम सन्तोषजनक नभएमा थप पेश्की दिनुहुदैन ।
- सामान सहित खरिदको बिल, वन विकासको कामको जाचँ भई कार्य सम्पन्न प्रतिवेदन, वन पैदावार संकलन नभए घाटगद्धी भएमा पश्चात्: पेश्की फछ्यौट गरी भुक्तानी दिनुपर्ने भएमा व्यक्ति भए पन्ध्र प्रतिशत र भ्याटमा दर्ता फर्म भए एक विन्दु पाँच प्रतिशत करकट्टी गरी तथा ज्यामी मात्र लगाउनुपर्ने काममा जिल्ला दररेट भित्र रही डोर हाजिरी फाराममा भरपाई गरी भुक्तानी गर्नुपर्दछ ।
- वन विकासको काममा वन प्राविधिक तथा अन्य विकास कामको रेखदेख गर्न उपभोक्ता समितीले आवश्यकता अनुसार सम्बन्धित विषयको प्राविधिक समाबेश गरी समितिका सदस्यहरु वा उपभोक्ता टोली गठन गरी खटाउन सक्नेछ । टोली निरीक्षणका क्रममा कुनै त्रुटी भएमा सच्याउन निर्देशन दिन सक्नेछ । कार्य सम्पन्न भईसकेपछि जाचँपास गरी सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन लिनुपर्दछ ।
- आर्थिक कारोवारको सम्पूर्ण श्रेस्ता कोषाध्यक्ष वा लेखाको कर्मचारी र जिन्सी सामान तथा श्रेस्ता सचिवको जिम्मा रहनेछ । जिन्सी सामान बुझ्नेले त्यसको संरक्षण गर्नुपर्नेछ । कार्यालयमा प्राप्त सामानको जिन्सी खाता खडा गरी ७ दिनभित्र दाखिला गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।
- साधारण सभाबाट नयाँ कार्यसमिती चयन भएपछि पुरानो समितीले नयाँ समितीलाई आफ्नो जिम्मा रहेको सम्पूर्ण नगद, चेक, लेखा सम्बन्धी श्रेस्ता,  जिन्सी र सोको श्रेस्ता नयाँ समितीले काम सुरु भएको १५ दिनभित्र र टाचाँ ३ दिनभित्र बुझाउनु पर्दछ । तोकिएको म्यादभित्र बरबुझाथ नगरेमा सार्वजनिक सम्पति हिनामिनामा कार्वाही गर्न डिभिजन वन कार्यालय मार्फत जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्नुपर्दछ ।
- समुहले उत्पादन गर्ने वन पैदावार मध्ये सर्वप्रथम कार्ययोजना तोकिएको दरमा समुहभित्र आन्तरिक बिक्री र बचत हुने परिमाण मध्ये ऐनमा उल्लेख भएको परिमाण जिल्ला वन पैदावर आपूर्ति समितिलाई छुट्याई बाँकी परिमाण मात्र डिभिजन वन कार्यालयको सहमतीमा समहु बाहिर लिलाम बिक्री गर्नु पर्दछ । लिलाम गरिएका वन पैदावरको बिक्री गर्ने अधिकार उपभोक्ता समितिमा रहनेछ ।
- आन्तरिक लेखा परीक्षणका लागि श्रावण मसान्तभित्र श्रेस्ता तयार पारी समुहद्धारा नियूक्त वा गठित समितिले सात दिनभित्र आन्तरिक लेखा परीक्षण गरी तीन दिनभित्र प्रतिवेदन पेश गरिसक्नु पर्दछ । समुहबाट नियूक्तलेखा परिक्षणबाट आयव्याय कारोबारको लेखा परीक्षण सामुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधी निर्देशिका र लेखा परिक्षणसगँ सम्बन्धित सर्वमान्य सिद्धान तथा प्रचलनलाई आधार मानी आश्विन महिनाभित्र अन्तिम लेखा परिक्षण गराउनु पर्दछ ।
- लेखा परीक्षणबाट औंलाईएको बेरुजु नियमत गराउनु लेखा काम गर्ने व्यक्तिको दायित्व हो । लेखा परीक्षण प्रतिवेदन र बेरुजु फस्यौंट पश्चात साधारण सभाबाट आवश्यक निर्देशन सहित अनुमोदन गराउनु पर्दछ ।
- वार्षिक आम्दानी पचास  हजारसम्म हुने समूहका लागि समूहले तोकेको व्यक्ति वा समितिबाट लेखापरीक्षण गर्न सकिन्छ भने सो भन्दा बढी आम्दानी हुने समूहको हकमा मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्दछ ।
- सरकारी वा अर्ध सरकारी वा गैरसरकारीका बहालवाला कर्मचारी तथा काष्ठ व्यवसायी उपभोक्ता समितिको पदाधिकारी हुन पाउने छैनन । तर समुहको काममा सहयोग भने गर्न सक्दछन ।

- उपभोक्ता समुहको काममा खटिने वन पदाधिकारी र कर्मचारीलाई साधारण सभा वा उपभोक्ता समितिले नेपाल सरकारको नियानुसार दैनिक तथा भ्रमण भत्ताको व्यवस्था गर्नुपर्दछ।
- सामुदायिक वनको हितमा काम गर्ने उपभोक्तालाई समुहले उचित पुरस्कारको व्यवस्था गर्न सक्नेछ।
- डिभिजन वन अधिकृत स्वयंले वा आफ्नो लेखाको कर्मचारीबाट समुहको आम्दानी र खर्चको निरीक्षण वा चेकजाचँ गरी गराई आवश्यक निर्देशन दिन सक्नेछन। उक्त निर्देशन पालना गर्नु समुहको कर्तव्य हुनेछ।
- सामुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधी निर्देशिकाले बर्जित गरेका कुरा गरेमा वा अनिवार्य गरेको कुरा नगरेमा वा पेश्की फस्यौंट नगरेमा वा बेरुजु रकम फिर्ता दाखेला नगर्ने एंव उपभोक्ता समुहको रकम हिनामिना गर्ने सम्बन्धी उपभोक्ता समिति पदाधिकारी, उपभोक्ता, व्यक्ति, फर्म आदिलाई नेपाल सरकारको प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

## २६.वन उपभोक्ता समितिको बैठक र समूह भेला सञ्चालन गर्ने विधि

**१. समिति बैठकः**

***क. बैठक सञ्चालन पूर्व गर्नुपर्ने आवश्यक तयारी***

- बैठक बस्ने मिति, स्थान र समयको निर्धारण।
- छलफलका विषय वस्तुहरुको सूची तयारी(ऐजेण्डा)।
- सबै सदस्यहरुलाई बैठक बस्ने बारेको सूचना/जानकारी संप्रेशण।

***ख. बैठक सञ्चालनको क्रममा***

- अध्यक्षद्धारा बैठकको अध्यक्षता ग्रहण।
- सचिवद्धारा छलफलका विषय वस्तुहरुको सूची प्रस्तुति।
- सदस्यहरुद्धारा छलफलको लागि प्रस्ताव गरीएका विषय वस्तुहरु उपर छलफल थपघट र अन्तिम रुप प्रदान।
- बैठकको लागि समय निर्धारण।
- सहभागीहरुको उपस्थित उठाउने।
- विषय वस्तुमा केन्द्रीत भइ छलफल गर्ने।
- पालै-पालो बोल्ने। अरुले बोलेको बेला ध्यान पूर्व सन्ने, तरुन्त प्रतिक्रिया नजनाउने।
- बोल्नको लागि समय माग्ने र आफ्नो पालो पर्खिने।
- सामुहिक छलफलबाट निर्णयमा पुग्ने।
- सचिवले निर्णय पुस्तिकामा निर्णय लेख्ने/उतार्ने।
- गरीएका सबै निर्णयहरु सचिवले एक एक गरी पढेर सुनाउने।
- अन्त्यमा सबै सहभागी सदस्यहरुले दस्तखत गर्ने।
- अधिकार क्षेत्र नाघेर कुनै पनि विषयमा निर्णय नगर्ने।

*ग. बैठक पछि*

- समिति बैठकले गरेका औपचारीक निर्णयहरु सबै उपभोक्ताहरुमा संप्रेशण गर्ने ।
- लिइएका निर्णयहरुलाई सम्बन्धित सरोकारवाला संस्था वा निकायरुमा पठाउने ।
- निर्णयहरु कार्यान्वयनमा लैजाने ।

**२. समूह भेला**

***क.आमभेला सञ्चालन पूर्व गर्नुपर्ने आवश्यक तयारी :***

- आमभेला हुने मिति, स्थान र समय निर्धारण ।
- सरोकारवाला निकाय, स्थानीय सरकार, वन कार्यलय, वन महासंघ, छिमेकी समूह र अन्य समूहलाई सहयोग गर्ने संघ संस्थालाई आमन्त्रण/निमन्त्रणा ।
- समूह सचिवलाई सभा सञ्चालकको जिम्मेवारी दिने ।
- समूह सदस्यहरुलाई सभा स्थलको तयारीको जिम्मेवारी दिने ।
- प्रमुख अतिथिको छनोट, अन्य अतिथिको छनोट र निमन्त्रणा ।
- सबै उपभोक्ता महानुभावहरुलाई आम भेलाको जानकारी सहित निमन्त्रणा ।
- आमभेलामा गर्नुपर्ने छलफलका विषयहरु र लिनुपर्ने निर्णयको सूची तयार गर्ने ।
- आवश्यक अन्य तयारी गर्ने ।

***ख. सभा सञ्चालनको क्रममा***

- समूह सचिवद्वारा सभा सञ्चालन गर्ने ।
- अध्यक्षद्वारा अध्यक्षता ग्रहण गर्ने ।
- प्रमुख अतिथिबाट सभा उद्घाटन गराउने ।
- प्रमुख अतिथि/अन्य अतिथिहरुको आसन ग्रहण गराउने ।
- स्वागत मन्तव्यको लागि आमन्त्रण गर्ने ।
- आम उपभोक्तालाई समूह भेलाका विषय वस्तु र लिनु पर्ने निर्णय बारेमा जानकारी दिने ।
- सभामा छलफल गर्नुपर्ने अन्य विषयवस्तु भएमा सोको जानकारी गराउन उपस्थित आम उपभोक्ताहरुलाई अनुरोध गर्ने ।
- सभामा छलफल गरी निर्णय लिनुपर्ने विषयहरुको अन्तिम सूची तयार गरी एक एक गरी सभामा जानकारी गराउने ।
- विषय वस्तु उपर गर्नुपर्ने निर्णयको सन्दर्भमा आम उपभोक्ताबाट लिखित रुपमा राय सुझाव लिने ।
- प्राप्त सबै राय सुझावहरु सभामा सुनाउने र त्यस मध्येको उपयूक्त राय सुझावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्ने । सभाको ध्वनी मतको आधारमा निर्णय पारीत गराउने र अन्तिम निर्णय सभालाई सुनाउने । संभव भए

सम्म आम सहमतिमा निर्णय लिन प्रयास गर्ने ।

- भएको निर्णयलाई आमसभाको उपस्थिती रजिष्टरमा उतार्ने ।
- छलफलका अन्य विषय वस्तुहरुमा पनि एवं रितले निर्णयमा पुग्ने, निर्णय पारीत गराउने, अन्तिम निर्णय सभालाई सुनाउने र निर्णय पुस्तिकामा निर्णय उतार्ने ।
- उपस्थित सबै उपभोक्ताहरुको निर्णय पुस्तिकामा हस्ताक्षर गराउने ।
- अतिथि एवं प्रमुख अतिथिलाई उद्घाटन मन्तव्य राख्न अनुरोध गर्ने ।
- सभा अध्यक्षद्वारा मन्तव्य सहित सभा विसर्जन गर्न अनुरोध गर्ने ।
- संभव भए चियापानको व्यवस्था गर्ने ।

### *ग. आमभेला पछि*

- आमभेलाद्वारा पारित निर्णयहरुको प्रतिलिपि उतार गरी सम्बन्धीत सरोकारवाला निकायहरु डिभिजन वन कार्यालय, सवडिभिजन वन कार्यालय र स्थानीय तहमा जानकारीको लागि पठाउने ।
- सभाले पारित गरेका निर्णयहरु आम उपभोक्ता समूहहरुलाई जानकारी भएको सुनिश्चितता गर्ने।
- सभाले लिएका निर्णयहरु कार्यान्वयनमा लैजाने ।